बैठक संख्याः ९५ औं

मिति २०८१/०८/१४ गते शुक्रबार बिहान ११:०० बजे यस शंखरापुर नगर कार्यपालिकाको कार्यालयको बैठक हलमा नगर प्रमुख श्री रमेश नापितज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थितिः

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री रमेश नापित | अध्यक्ष/नगर प्रमुख | ९८४१४६०३८० | |
| २. | श्री समिता श्रेष्ठ | उपाध्यक्ष/उप प्रमुख | ९८४१०९११८० | |
| ३. | श्री बेद नारायण दंगाल | सदस्य/वडा अध्यक्ष, १ नं वडा कार्यालय | ९८४३५२५३३२ | |
| ४. | श्री रन बहादुर थिङ | सदस्य/वडा अध्यक्ष, २ नं वडा कार्यालय | ९८५१०८०४६३ | |
| ५. | श्री सुर्य बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ३ नं वडा कार्यालय | ९८५१२७५८७९ | |
| ६. | श्री दिपक गौतम | सदस्य/ कार्यवाहक वडा अध्यक्ष, ४ नं वडा कार्यालय | ९८६३९२३१७९ | |
| ७. | श्री राधाकृष्ण ढकाल | सदस्य/ कार्यवाहक वडा अध्यक्ष, ५ नं वडा कार्यालय | ९८४१२०६६५३ | |
| ८. | श्री राधाकृष्ण श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ६ नं वडा कार्यालय | ९८४१७८६३४५ | |
| ९. | श्री बिष्णु प्रसाद श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ७ नं वडा कार्यालय | ९८४१७३५७२४ | |
| १०. | श्री पोते थिङ | सदस्य/वडा अध्यक्ष, ८ नं वडा कार्यालय | ९८५११५४३०६ | |
| ११. | श्री सहदेव श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ९ नं वडा कार्यालय | ९८५१०७४७५० | |
| १२. | श्री मनिषा परियार | कार्यपालिका महिला सदस्य | ९८४८९०९४५४ | |
| १३. | श्री तिउरीमाया वाईबा | कार्यपालिका महिला सदस्य | ९८६०९४७६९६ | |
| १४. | श्री राज्यलक्ष्मी नेमकुल (जोशी) | कार्यपालिका महिला सदस्य | ९८४३१०६०८० | |
| १५. | श्री चन्दा श्रेष्ठ | कार्यपालिका महिला सदस्य | ९८४९५०६६८४ | |
| १६. | श्री उमादेवी कार्की | कार्यपालिका महिला सदस्य | ९८४०१३२५४७ | |
| १७. | श्री रमेश नेपाली | कार्यपालिका दलित सदस्य | ९८६०९९३२३४ | |
| १८. | श्री आनन्द रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४१५३५०४९ | |
| १९. | श्री संजय रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४९०४५५०५ | |
| २०. | श्री अमृत कुमार धिताल | सचिव/प्रमुख प्रशासकीय अधिकृत | ९८५१२६४१११ | |

## शंखरापुर नगर कार्यपालिकाको ९५ औं (मिति २०८१/०८/१४) बैठकका निर्णयहरु

| | |
|---|---|
| निर्णय नं १: | यस नगरपालिकाको मिति २०८१/०७/११ गते बसेको कार्यपालिकाको ९४ औं बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा अनुसूची १ बमोजिम समीक्षा गरियो। |
| निर्णय नं २: | यस नगरपालिकाको अनुगमन तथा सहजिकरण समितिको अनुसूची २ बमोजिम आ. व. २०८१/८२ को कार्तिक महिनाको प्रतिवेदन पेश भएको र सो प्रतिवेदन माथि छलफल गरी प्राप्त सुझावहरुको कार्यान्वयन गर्ने निर्णय गरियो । |
| निर्णय नं ३: | यस नगरपालिकाको आ.व.२०८१/८२ को कार्तिक मसान्त सम्मको प्रथम चौमासिक आय व्यय विवरण सम्बन्धमा समीक्षा गरियो। |
| निर्णय नं ४: | यस शंखरापुर नगरपालकाको आ.व.२०८१/८२ को नगर सभाबाट स्वीकृत वार्पिक योजना तथा कार्यक्रमहरु सर्वधारण एवम् सरोकारवाला समक्ष सार्वजनिक गर्ने र आगामी कार्यक्रम सञ्चालनको लागि रचनात्मक पृष्ठपोषण प्राप्त् गर्ने उद्देश्यले प्रथम चौमासिक प्रगति समीक्षा कार्यक्रम मिति २०८१ मंसिर २३ गते र प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालको सहजीकरणमा मिति २०८१ मंसिर २८ गते आयोजना गर्ने निर्णय गरियो। |
| निर्णय नं ५: | नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत विभिन्न निकायहरुले जारी गरेको जानकारी तथा कार्यार्थ गरिएका परिपत्रहरु जानकारी गराई सोही बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो। |
| निर्णय नं ६: | यस शंखरापुर नगरपालिकाको जलस्रोत उपभोक्ता तथा मुहान दर्ता कार्यविधि २०८१ को दफा ६ उपदफा ५ मा व्यवस्था भए बमोजिम नगर जलस्रोत समितिको मिति २०८१ कार्तिक २९ गतेको सिफारिस बमोजिम यस नगरपालिकाको वडा नं ५ स्थित शंखरापुर वृहद खानेपानी तथा सरसफाई उपभोक्ता संस्था विधिवत रुपमा दर्ता गरी प्रमाणपत्र प्रदान गर्न सिफारिस गरिएको हुँदा शंखरापुर वृहद खानेपानी तथा सरसफाई उपभोक्ता संस्था शंखरापुर -५ दर्ता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं ७: | यस नगरपालिकाको क्षेत्र भित्र सम्भावित खानी तथा खनिज पदार्थको सम्भाव्यता अध्ययन गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिमको प्राविधिक समिति गठन गर्ने निर्णय गरियो। साथै उक्त समितिले निर्णय भएको मितिबाट साठी दिन भित्र प्रतिवेदन पेश गर्ने गरी कायदिश दिने निर्णय समेत गरियो।<br>इन्जिनियर श्री प्रकाश सिंह साउद — संयोजक |

| | |
|---|---|
| | इन्जिनियर श्री नविन के.सी – सदस्य<br>इन्जिनियर श्री बालकृष्ण श्रेष्ठ – सदस्य<br>कानुन अधिकृत श्री शिव प्रसाद श्रेष्ठ-सदस्य<br>अमिन श्री सुनिता श्रेष्ठ - सदस्य |
| निर्णय नं ८: | यस नगरपालिकाको स्वीकृत दरबन्दीमा रिक्त रहेको देहायका पदहरुको दरखास्त आह्वान गरी करार सेवामा पदपूर्ति गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। उक्त पदहरुमा हाल शंखरापुर नगरपालिकामा सोही पदमा ज्यालादारी वा सो पद भन्दा तल्लो तहको पदमा करार वा ज्यालादारीमा कार्यरत रहेका कर्मचारीहरुलाई पहिलो प्राथमिकता दिने गरी छनौट प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।<br>लप्सेफेदी स्वास्थ्य चौकीको लागि मेडिकल अधिकृत – १ जना<br>सहायक कम्प्युटर अपरेटर – ३ जना<br>पटाप आधारभुत स्वास्थ्य केन्द्रको लागि अहेव – १ जना<br>स्वास्थ्य संस्थाको लागि अनमी – १ जना<br>गरिबसँग विश्वेश्वर कार्यक्रम, सामाजिक परिचालक – १ जना महिला<br>साथै उपरोक्त पदहरु प्राविधिक पद भएको हुँदा प्राविधिक कर्मचारीहरुको उमेर हद ४० वर्ष कायम गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो। |
| निर्णय नं ९: | यस शंखरापुर नगरपालिकाका केही जनप्रतिनिधिहरु शंखरापुर नगरपालिकाको दशौं नगर सभा देखि केही विषयहरुमा असमझदारीका कारण नगरपालिकाबाट सञ्चालित कार्यक्रमहरुमा अनियमित रहनु भएको सन्दर्भमा उहाँहरुले उठान गर्नु भएका विषयहरुमा स्पष्ट पारी आपसी समझदारीबाट अगाडी बढ्नको लागि प्रारम्भिक छलफल गर्न नगर प्रवक्ताको संयोजकत्वमा देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो।<br>नगर प्रवक्ता एवं वडा अध्यक्ष श्री राधाकृष्ण श्रेष्ठ – संयोजक<br>वडा अध्यक्ष श्री वेदनारायण दंगाल – सदस्य<br>वडा अध्यक्ष श्री पोते थिङ - सदस्य |
| निर्णय नं १०: | नेपाल सरकारको आ.व. २०८१/८२ को सशर्त तर्फको किसान सूचीकरण कार्यक्रम अन्तर्गत वडास्तरीय किसानहरुको तथ्याङ्क सङ्कलन (४७३२) गरी सम्बन्धित वडा समितिको सिफारिस र शाखाबाट प्रमाणीकरणको प्रारम्भिक कार्य समेत सम्पन्न भएको हुँदा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन,२०७५ तथा नियमावली,२०८० बमोजिम किसानको पहिचान र वर्गीकरणको लागि नेपाल सरकार अन्तर्गत कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई पत्राचार गर्ने निर्णय गरियो। |

| | |
|---|---|
| निर्णय नं ११: | यस शंखरापुर नगरपालिकाको वडा नं १ स्थित जोखिमयुक्त छाप भञ्ज्याङ बस्ती, वडा नं १ स्थित मानेडाँडा पार्क तथा वडा नं ६ स्थित सलम्बुटार फुटबल खेल मैदान निर्माणको लागि डिपिआर गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं १२: | मानव सेवा आश्रम काठमाडौं शाखाको च.नं. २०७/०८१/८२ मिति २०८१/८/१० को पत्रबाट घर परिवार र आफन्त विहिन सडक आश्रित मानवहरुको उद्दार, उपचार,संरक्षण गर्दै आएको हुँदा यस नगरपालिकाबाट विनियोजित रकमको सम्झौताको लागि लेखि आएको हुँदा चालु आ.व.२०८१/८२ को मानव सेवा आश्रमलाई अनुदान शीर्षकमा विनियोजित रकम रु २,००,०००/- (अक्षररुपी रु दुई लाख मात्र) अनुदान उपलब्ध गराउने निर्णय गरियो। |
| निर्णय नं १३: | यस नगरपालिका स्थित संघीय सरकार गृह मन्त्रालय अन्तर्गत रहेको साँखु प्रहरी प्रभागको च.नं. ३९८ मिति २०८१/०८/११ गतेको पत्रानुसार तहाँ कार्यालय भित्र मेश तथा सभाहल निर्माणको लागि बजेट माग भएकोले कुल प्राविधिक लागत अनुमान रु ७,७२,२६२.२३ (अक्षररुपी रु सात लाख बहत्तर हजार दुई सय बैसट्ठी पैसा तेइस मात्र) रहेकोमा अन्तर तह साझेदारी मार्फत उक्त योजना कार्यान्वयन गर्नको लागि यस नगरपालिकाबाट रु रु ४,००,०००/- (अक्षररुपी रु चार लाख मात्र) नगरपालिकाको भैपरि कोषबाट र संघीय सरकार अन्तर्गतका प्रहरी प्रभाग साँखुको तर्फबाट बाँकी रु ३,७२,२६२.२३ (अक्षररुपी रु तीन लाख बहत्तर हजार दुई सय बैसट्ठी पैसा तेइस मात्र) लागत साझेदारीमा उक्त योजना सम्पन्न गर्न तथा उक्त योजनाको दुबै पक्षबाट अनुगमन गर्ने गरी सम्झौता गरी योजना अगाडी बढाउने निर्णय गरियो। |
| निर्णय नं १४: | यस नगरपालिकाको वडा नं ५ स्थित नारायण खोलाले खेतीयोग्य जमिन कटान गरेको हुँदा खोला नियन्त्रणको लागि नगर भैपरि कोषबाट रु ५,००,०००/- (अक्षररुपी रु पाँच लाख मात्र) खर्च गर्ने निर्णय गरियो। |
| निर्णय नं १५: | यस नगरपालिकाको वडा नं ६ स्थित वोसुली वुद्द वस्तीमा ढल तथा सडक व्यवस्थित गर्न पर्ने भएको हुँदा नगर भैपरि कोषबाट रु ६,००,०००/- (अक्षररुपी रु छ लाख मात्र) खर्च गर्ने निर्णय गरियो। |
| निर्णय नं १६: | यस नगरपालिकाको शालिनदी क्षेत्र भित्र सञ्चालन हुने श्री माधवनारायण स्वस्थानी व्रतको अवसरमा लाग्ने मेलाको अवधिमा आ.व.२०८१/०८२ का लागि तपसिल बमोजिमको पार्किङ्ग शुल्क असुली गर्न आय टेक्काहरु यस नगरपालिकाको आर्थिक ऐन,२०८१ को दफा ११ अनुसूचि ८ बमोजिम निर्धारित दररेटको आधारमा शालिनदी मेलामा आउने सवारी |

| | |
|---|---|
| | साधनहरुको पार्किङ्ग शुल्क असुल गर्न एक हप्ताको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशन गर्ने निर्णय गरियो।<br>तपसिल:<br>• वडा नं ७ स्थित विजा पुखः पार्किङ्ग शुल्क असुली –क्षेत्रफल ३३६ व.मि- न्यूनतम ठेक्का रकम मू.अ.क बाहेक रु २,२०,०००/-( अघिल्लो आ.व.को रकममा १० प्रतिशत वृद्धि गर्ने) ।<br>• वडा नं ६ स्थित सीतातीर्थ घाटको उत्तर तर्फको नगरपालिकाले तोकेको स्थानमा पार्किङ्ग शुल्क असुली- क्षेत्रफल ५५० व.मि.- न्यूनतम ठेक्का रकम मू.अ.क. बाहेक रु १,५०,०००/-।<br>• वडा नं ६ स्थित दुगाहिटि सडक छेउ र घिमिरे डेरी अगाडिको नगरपालिकाले तोकेको स्थानमा पार्किङ्ग शुल्क असुली- क्षेत्रफल ९१.७५ व.मि.- न्यूनतम ठेक्का रकम मू.अ.क.बाहेक ४५,०००/-। |
| निर्णय नं १७: | श्री माधवनारायण स्वस्थानी व्रतको अवसरमा लाग्ने मेलाको अवधिमा आ.व.२०८१/८२ का लागि यस नगरपालिकाको वडा नं ५ स्थित मचागल क्षेत्रमा व्यवसाय सञ्चालन बापत बहाल विटौरी शुल्क असुली -क्षेत्रफल २१० व.मि. –न्यूनतम ठेक्का रकम मू.अ.क. बाहेक रु १,५०,०००/-( अक्षररुपी रु एक लाख पचास हजार मात्र ) कायम गरी बहाल विटौरी शुल्क असुल गर्न एक हप्ताको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशन गर्ने निर्णय गरियो। |
| निर्णय नं १८: | श्री माधवनारायण स्वस्थानी व्रतको अवसरमा लाग्ने मेलाको अवधिमा पटके व्यवसाय दर्ता गर्दा बहाल कर असुल गर्न घर/जग्गा धनी र व्यवसायी बीच भएको बहाल सम्झौताका आधारमा बहाल कर असुल उपर गर्ने तर बहाल सम्झौता उपलब्ध नहुने अवस्थामा न्यूनतम साना व्यवयासीहरुको बहाल रकम रु १०,०००/-(अक्षररुपी रु दश हजार मात्र), मध्यस्तरका व्यवसायीहरुको रु २०,०००/-(अक्षररुपी रु बीस हजार मात्र), र ठुला व्यवसायीहरुको रु ३०,०००/- (अक्षररुपी रु तीस हजार मात्र), कायम गरी सोको १० प्रतिशत असुल उपर गर्ने र सो शुल्क एघारौं नगर सभाबाट अनुमोदनको लागि सिफारिस गर्ने निर्णय गरियो। |
| निर्णय नं १९: | श्री माधवनारायण स्वस्थानी व्रतको अवसरमा लाग्ने मेलाको अवधिमा सञ्चालन हुने विभिन्न किसिमका पटके व्यवसायीहरुद्वारा उत्सर्जन हुने फोहोरमैलाको व्यवस्थापन बापतको शुल्क साना व्यवसायीको रु ५००/-(अक्षररुपी रु पाँच सय मात्र), मध्यस्तरका व्यवसायीहरुको रु १०००/-(अक्षररुपी रु हजार मात्र), र ठुला व्यवसायीहरुको लागि रु १५००/- |

| | |
|---|---|
| | (अक्षररुपी रु एक हजार पाँच सय मात्र), कायम गरी असुल उपर गर्ने र सो शुल्क एघारौं नगर सभाबाट अनुमोदनको लागि सिफारिस गर्ने निर्णय गरियो। |
| <u>निर्णय नं २०:</u> | यस नगरपालिकाको वडा न ५, विशम्भरा स्थित लम्बुडाँडा सडकमा आवत जावत गर्न कढिनाई भएकोले नगर भैपरि कोषबाट रु ५,००,०००/- (अक्षररुपी रु पाँच लाख मात्र) खर्च गर्ने निर्णय गरियो। |
| <u>निर्णय नं २१:</u> | यस नगरपालिकाको वडा नं ८ स्थित बज्रयोगिनी माईको मन्दिरबाट माथि मन्दिर जाने सिंढी निर्माण गर्न आवश्यक भएकोले सक्व बज्राचार्य संघसँग सम्झौता गरी कार्यान्वयन गर्न नगर भैपरि कोषबाट रु ५,००,०००/-(अक्षररुपी रु पाँच लाख मात्र)खर्च गर्ने निर्णय गरियो। |

## अनुसूची १

### शंखरापुर नगर कार्यपालिकाको ९४ औं (मिति २०८१/०७/११) बैठकका निर्णयहरुको समीक्षाः

| निर्णय नं | निर्णयको व्यहोरा | कार्यान्वयन अवस्था |
|---|---|---|
| निर्णय नं ३: | आ.व.२०८१/८२ को नगर सभाबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अन्तर्गत वडास्तरीय उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न पुष मसान्त भित्र उपभोक्ता समिति गठन तथा योजना सम्झौता गर्न सवै वडा कार्यालयहरुबाट समितिका पदाधिकारी बीच कार्यविभाजन गरी समयमा योजना सम्पन्न गर्न निर्णय गरियो। | सबै वडा कार्यालयहरुलाई परिपत्र गरी कार्य प्रगति भएको |
| निर्णय नं ४: | यस नगरपालिकाको विधायन समितिबाट सिफारिस भएका देहायका कार्यविधिहरुको दफावार छलफल गरी विधायन समितिबाट पेश भएका केही संशोधन गरी पारित गर्ने निर्णय गरियो।<br>क. कृषक समुहद्वारा उन्नत बीउ उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१<br>ख. कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि,२०८१<br>ग. नगर प्रमुख उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१<br>घ. शंखरापुर नगर खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि,२०८१ | राजपत्रमा प्रकाशन गरिएको |
| निर्णय नं ५: | नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत विभिन्न निकायहरुले जारी गरेको जानकारी तथा कार्यार्थ गरिएका परिपत्रहरु जानकारी गराई सोही वमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो। | सम्पन्न |

| | | |
|---|---|---|
| निर्णय नं ६: | संघीय तथा प्रदेश सरकारबाट यस नगरपालिकामा हस्तान्तरित कार्यक्रम र नगरपालिकाबाट विनियोजित निम्न योजनाहरुमा विनियोजित रकमले उक्त योजनाहरुको प्राविधिक लागत अनुमान तयार गर्दा काम अधुरो हुने देखिएकोले यस नगरपालिकाको समपुरक कोषबाट तपसिल बमोजिम रकम थप गरी ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । | सम्पन्न |
| निर्णय नं ७: | यस शंखरापुर नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको नगर स्तरीय योजना अन्तर्गत वडा नं ७ स्थित साहिटोल इटा सोलिङ्ग शीर्षकमा रु ७,००,०००/- (अक्षररुपी रु सात लाख मात्र) विनियोजन भएकोमा टोलबासीहरुको भेलाको निर्णय र ७ नं वडा कार्यालयको सिफारिस बमोजिम ढुङ्गा सोलिङ्ग शीर्षकमा संशोधन गरी आगामी नगर सभाबाट अनुमोदन गर्न पेश गर्ने निर्णय गरियो। | कार्यान्वयनको चरणमा |
| निर्णय नं ८: | यस शंखरापुर नगरपालिकाको चालु आ.व. २०८१/८२ को संघीय ससर्त कार्यक्रम वडा नं ८ स्थित बज्रयोगिनी मन्दिर परिपर सुधारमा रु ३०,००,०००/- अक्षररुपी रु तीस लाख मात्र विनियोजन भएको र वडा कार्यालयको सिफारिस तथा स्थानीयको माग वमोजिम उक्त योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो। | कार्यान्वयनको चरणमा |

अनुसूची २

शंखरापुर नगरपालिका

साँखु, काठमाण्डौ

योजना अनुगमन तथा सुपरिवेक्षण समिति

आ.बे. २०८१।८२ कार्तिक महिनाको प्रतिवेदन

१. पृष्ठभूमी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ ख, (५) तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ४.१० (घ) वमोजिम अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

२. उद्देश्य

यस प्रतिवेदनको उद्देश्य नगरपालिकावाट आर्थिक वर्ष २०८१।८२ को कार्तिक महिनामा भए गरेका विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा देखिएको अवस्था र अनुगमन समितिबाट दिएका सुझाव र आगामी दिनमा गर्नु पर्ने विषयको जानकारी कार्यपालिकामा पेश गर्ने रहेको छ ।

३. अनुगमनमा सहभागी

योजना तथा कार्यक्रमहरुको अनुमगमनको क्रममा देहाय वमोजिमको सहभागिता रहेको थियो ।

क. नगर प्रमुख

ख. उप प्रमुख

ग. प्रमुख प्रशासकीय अधिकृत

घ. सम्वन्धित वडाका वडा अध्यक्ष वा सदस्य वा वडा सचिव

ङ. योजना अधिकृत

च. लेखा अधिकृत

छ. सम्वन्धित वडा हेर्ने ईन्जिनियर तथा सव ईन्जिनियर/असिस्टेन्ट सव ईन्जिनियर कर्मचारीहरु

ज. सम्वन्धित शाखा प्रमुख/कर्मचारीहरु

४. अनुगमन समितिबाट भए गरेका गतिविधिहरु

क. योजना/कार्यक्रमहरुको सञ्चालन तथा अनुगमनको क्रममा देखिएका विषयहरु

- योजना कार्यान्वयन कार्यतालिका अनुसार ठेक्का तथा उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरुको सम्झौता गर्ने क्रम शुरु भएको छ ।
- उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने योजनाहरु सञ्चालनको लागि वडा कार्यालयहरुले मंसिर महिना भित्र उपभोक्ता समितिहरु गठन गरी लागत अनुमान तयारी तथा सम्झौताको प्रकृया अगाडि बढाउनु पर्ने ।
- उपभोक्ता समिति तथा ठेक्कामार्फत कार्यान्वयन हुने योजनाहरुको नियमित सुपरिवेक्षण वडा कार्यालयमा कार्यरत प्राविधिक तथा सम्बन्धित ईन्जिनियरहरुबाट हुन आवश्यक देखिन्छ।

ख. <u>योजना अनुगमनका क्रममा देखिएका विषयमा गरिएका सुधारका प्रयासहरु</u>

- Quality र Quantity दुबै कायम गर्नका लागि अनुगमनले सकारात्मक प्रभाव पारेको ।
- आयोजनास्थलमा अनिवार्य रुपमा आयोजना सूचना पाटी राख्न निर्देशन दिईएको ।
- ठेक्का मार्फत काम गर्दै गरेका योजनाहरुको सन्दर्भमा सम्झौता अवधि भित्र काम सम्पन्न गर्न स्पष्ट निर्देशन दिईएको ।

ग. <u>अनुगमनबाट प्राप्त पृष्ठपोषणका आधारमा आगामी दिनमा गर्नु पर्ने पक्षहरु</u>

- चालु आर्थिक वर्ष २०८१।८२ मा सञ्चालन हुने योजना/कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि योजना कार्यान्वयन कार्यतालिकाको पूर्ण कार्यान्वयन गरी उपभोक्ता समितिबाट सन्चालन भएका योजनाहरु २०८१ पुषभित्र सम्झौता गरी २०८२ वैशाख मसान्त भित्र सम्पन्न हुने गरी काम हुनु पर्ने । यसले गर्दा वर्षाद् हुनु अघिनै काम सम्पन्न गर्न सकिने र योजनाको दिगोपना कायम गर्न सहज हुने ।
- विभिन्न वडाहरुमा सामुदायिक भवनहरु निर्माणको लागि उपभोक्ता समिति गठन हुने तर सन्चालन तथा व्यवस्थापनको लागि समिति सकृय नहुँदा निर्मित संरचनाको संरक्षण, मर्मत संभार तथा सदुपयोगमा ध्यान कम गएको देखिएकोले आगामी दिनहरुमा योजना सम्झौताको समयमानै उपभोक्ता समितिलाई प्रतिबद्दता गराउने, साथै सामुदायिक भवन निर्माण गर्ने जग्गा प्राप्तीको प्रकृया पुरा गरेर मात्र सम्झौता गर्न उपयुक्त हुने ।
- वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति सकृय हुनु पर्ने ।
- भिरालो सडकहरुमा ग्राभेल गर्ने कामलाई निरुत्साहित गरी बजेटको अवस्था अनुसार ढुंगा सोलिङ वा ढलान गर्न अनिवार्य गर्नु पर्ने ।

- सडक किनारा तथा भिरालो जमिनमा योजना कार्यान्वयनको लागि लागत अनुमान वा कार्यक्रम बनाउँदानै माटो संरक्षणका जैविक उपायहरु (निगालो, अमृसो लगाउने आदी) अनिवार्य अपनाउनु पर्ने ।
- आयोजना सुचना पाटी राख्न अधिकांश उपभोक्ता समितिहरु अझै पनि उदासिन देखिएकोले काम शुरु गर्नु भन्दा अगाडिनै आयोजनास्थलमा सूचना पाटी अनिवार्य राख्ने व्यवस्था गरी पारदर्शिता कायम गर्न प्राविधिक तथा वडा कार्यालयहरुले सकृयता देखाउनु पर्ने ।

२०८१।७।११ मा बसेको कार्यपालिका बैठकमा भुक्तानी अनुमोदन भएको भन्दा थप योजनाहरुको भुक्तानी नभएकोले कार्तिक महिनामा कुनै पनि योजनाहरुको भुक्तानी अनुमोदन गर्नु नपर्ने ।

| प्रतिबेदन तयार कर्ता | प्रतिबेदन पेश कर्ता |
|---|---|
| नामः राममणि ढकाल | नामः समिता श्रेष्ठ |
| पदः योजना अधिकृत | पदः उप प्रमुख |
| हस्ताक्षर | हस्ताक्षर |
| मितिः २०८१।७।३० | मितिः २०८१।७।३० |